दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक १३३ | बुटवल | २०८२ बैशाख २७, गते शनिबार | नेपाल संवत ११४५ | Saturday May.10, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## प्रधानमन्त्री- भारतीय राजदूत भेट

बुटवल । प्रधानमन्त्री केपी शर्मा ओलीसँग नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले भेट गरेका छन् ।

प्रधानमन्त्री निवास, बालुवाटारमा भएको भेटमा भारतको पहलगाममा गत २२ अप्रिलमा भएको आतङ्कवादी आक्रमणका कारण भारत-पाकिस्तानबिच उत्पन्न पछिल्लो तनाव र घटनाक्रमबारे राजदूत श्रीवास्तले प्रधानमन्त्री ओलीलाई जानकारी गराएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ ।

उनले आक्रमण भएको ठाउँमा भारतले जवाफी कारबाही गरेको, तर जेट हमला गरेको भन्ने प्रचार सत्य नभएको दाबी गरे । राजदूत श्रीवास्तवले उक्त घटनाका सम्बन्धमा नेपाल सरकारबाट बिहीबार सार्वजनिक भएको वक्तत्वप्रति धन्यवाद व्यक्त गरेको पनि सचिवालयले जनाएको छ ।

सो अवसरमा प्रधानमन्त्री ओलीले नेपाल विश्व शान्तिका पक्षमा रहेको उल्लेख गर्दै सबै प्रकारका आतङ्कवादविरुद्ध आफ्नो दृढ अडान अनुरूप उक्त आतङ्कवादी हमलाको भर्त्सना गरे । उनले नेपालले कुनै पनि द्वन्द्वरत शक्तिलाई आफ्ना छिमेकी राष्ट्रहरूविरुद्ध आफ्नो भूमि प्रयोग गर्न नदिने स्पष्ट गरेको पनि सचिवालयको भनाइ छ ।

## ट्रंक लाइन बक्यौतामा पुनरावेदन माग

बुटवल । नेपाल विद्युत् प्राधिकरणले 'डेडिकेटेड' र 'ट्रंक लाइन' को बक्यौता सम्बन्धमा प्राधिकरण र ग्राहकमा देखिएको असमझदारी हटाइ नयाँ ढंगबाट विवाद समाधान र बक्यौता असुलीका लागि काम अगाडि बढाएको छ ।

प्राधिकरण सञ्चालक समितिको २१ बैशाखको निर्णयअनुसार प्राधिकरण व्यवस्थापनले शुक्रबार सार्वजनिक सूचना प्रकाशित गरी डेडिकेटेड र ट्रंक लाइन बक्यौता सम्बन्धमा पुनरावेदनका लागि आह्वान गरेको छ ।

प्राधिकरणको विद्युत् वितरण विनियमावलीको २०७८ को विनियम ५५ को उपविनियम २ मा भएको यसअघिको व्यवस्था संशोधन गरी आगामी जेठ मसान्तभित्र बिल रकमको ५ प्रतिशत रकम नगद वा त्यस बराबरको एक वर्षको म्याद रहने गरी जारी भएको 'क' वर्गको बैंक ग्यारेन्टी धरौटी बापत जम्मा गरी डेडिकेटेड र ट्रंक लाइनको बक्यौतासम्बन्धी विवादमा रहेका ग्राहकलाई पुनरावलोकनमा आउन सक्ने व्यवस्था गरेको छ ।

परिवर्तित व्यवस्था आत्मसाथ गरी विवाद निरुपणका लागि उद्योगी-व्यापारीहरू पुनरावलोकनमा आउने विश्वास प्राधिकरणले लिएको छ ।

# रिडीमा शालग्राम महोत्सव सुरु

**प्रदेशका संस्कृति र पर्यटन प्रवर्धन सरकारको प्राथमिकतामा रहेका मुख्यमन्त्री चेतनारायण आचार्यले बताएका छन् ।**



लुम्बिनी संवाददाता

*गुल्मी*

गुल्मी, पाल्पा र स्याङ्जाको संगमस्थल रुरुक्षेत्र धाममा 'प्रथम रुरुक्षेत्र शालग्राम महोत्सव' सुरु भएको छ ।

नेपालका चार प्रमुख धार्मिक धामहरूमध्ये एक रुरुक्षेत्रमा 'शालिग्राम दिवस' को अवसरमा ऋषिकेश मन्दिर व्यवस्थापन समितिको व्यवस्थापनमा पर्यटन डिभिजन कार्यालय रुपन्देही र तानसेन नगरपालिकाको सहकार्यमा महोत्सव आयोजना गरिएको हो ।

महोत्सवमा विविध धार्मिक, सांस्कृतिक तथा पर्यटनमूलक कार्यक्रमहरू समावेश गरिएका छन् । ऐतिहासिक, धार्मिक तथा प्राकृतिक रूपमा महत्वपूर्ण रुरुक्षेत्रमा आयोजना गरिएको महोत्सवले स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा प्रचारप्रसार भई धार्मिक पर्यटनको विकासमा टेवा पुग्ने विश्वास गरिएको छ । महोत्सव दुई दिनसम्म सञ्चालन हुनेछ ।

महोत्सवको उद्घाटन गर्दै लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले लुम्बिनी प्रदेशका धार्मिक, सांस्कृतिक र पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण मानिएका स्थलहरूको संरक्षण, प्रवर्धन र प्रचारप्रसारलाई प्राथमिकतामा राखेर सरकारले विशेष ध्यान दिएको बताए ।

मुख्यमन्त्री आचार्यले आन्तरिक तथा बाह्य पर्यटकहरू भित्राउने गरी सरकारले ऐतिहासिक, धार्मिक तथा साँस्कृतिक स्थलहरूको संरक्षण, प्रवर्द्धन र प्रचारप्रसारलाई प्राथमिकतामा राखेको बताए ।

'घुम्न जाऔं बर्दिया', 'पाणिनि तपोभूमि सम्मेलन' र 'रुरु शालिग्राम महोत्सव' यही उद्देश्यका साथ आयोजना गरिएको मुख्यमन्त्री आचार्यले स्पष्ट पारे । उनले लुम्बिनी प्रदेशका धार्मिक, सांस्कृतिक र पर्यटकीय स्थलहरूमा आन्तरिक तथा बाह्य पर्यटकहरूको संख्या बढ्दो क्रममा रहेको बताए ।

यस्तै मुख्यमन्त्री आचार्यले धार्मिक आस्था, नैतिक आचरण र संस्कृतिको संरक्षणमा ध्यान दिन आवश्यक रहेको बताए । समाजमा बढ्दो अराजकताको कारण औंल्याउँदै उनले असल संस्कार, संस्कृति र मूल्य-मान्यताहरूको जगेर्ना गर्न जरुरी रहेकोमा जोड दिए ।

'मुलुकमा अराजकता छाइरहेको छ । अराजकता छाउनुको पछाडिको एउटा कारण भनेको आज हामीले धर्म भुल्यौं, नैतिकता भुल्यौं, संस्कृति भुल्यौं । यी भुलेका कारणले आज युवाहरू अराजकतातिर धकेलिएका छन्,' मुख्यमन्त्री आचार्यले भने-'यसैले हामीले धर्म र संस्कृतिको संरक्षण गर्न जरुरी छ । त्यो उद्देश्य राखेर पनि प्रदेश सरकारले यी कार्यक्रमहरूलाई अगाडि बढाएको हो ।'

मुख्यमन्त्री आचार्यले ऐतिहासिक सम्पदाहरूको संरक्षण, सम्वर्द्धन र प्रवर्धनबाट समृद्धिको यात्रा तय गर्न सकिने धारणा राखे । लुम्बिनी प्रदेश तपोभूमि भएको उल्लेख गर्दै उनले विभिन्न जिल्लाहरूका ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्व दर्शाउँदै रुरुक्षेत्रको शालिग्रामलाई विश्व जगतमा पुऱ्याउन सकिने र धार्मिक पर्यटकहरू भित्राउन सक्ने आधार रहेको स्पष्ट पारे ।

आर्थिक मामिला तथा योजना मन्त्री धनेन्द्र कार्कीले गौतमबुद्धको जन्मस्थल लुम्बिनी, पाणिनि ऋषिको जन्मस्थल र संस्कृत व्याकरण लेखन स्थान पाणिनि तपोभूमि, रुरु क्षेत्रलगायत प्रदेशका धार्मिक तथा सांस्कृतिक स्थलहरूलाई एक आपसमा जोड्ने गरी सरकारले योजना अघि बढाएको बताए ।

रुरु क्षेत्र गाउँपालिकाका अध्यक्ष यदु ज्ञवालीले रूरूक्षेत्रलाई धार्मिक पर्यटनको केन्द्रका रूपमा विकास गर्न आकर्षक शालग्राम मन्दिर निर्माण, व्यवस्थित र आधुनिक शवदाह घाट तथा आवश्यक धार्मिक पूर्वाधारहरू निर्माणमा प्रदेश सरकारको विशेष ध्यान जानुपर्ने बताए । कार्यक्रममा तानसेनका मेयर सन्तोषलाल श्रेष्ठ, कालीगण्डकी गाउँपालिका स्याङ्जाकी उपाध्यक्ष सावित्रा कोइरालालगायतले बोल्दै ठूलो जनसंख्या भएको भारतबाट हिन्दु धर्मावलम्बीलाई रिडीमा ल्याउन विशेष योजना बनाउनुपर्नेमा जोड दिएका थिए ।

## बस व्यवसायी र चालकलाई सवारी ऐनबारे प्रशिक्षण



बुटवल । पश्चिम नेपाल बस व्यवसायी प्रालिका सञ्चालक र चालक-सहचालकहरुलाई सवारी ऐन, कानून र नियमावलीबारे प्रशिक्षण दिइएको छ ।

'समुदायमा सरकारी वकील कार्यक्रम' अन्तर्गत उच्च सरकारी वकील कार्यालय बुटवलले प्रालिकै सभा हलमा उनीहरुलाई सवारी ऐन तथा नियमावलीसम्बन्धी जानकारी गराएको हो ।

कार्यक्रममा सरकारी वकीलको संगठन र काम कारबाहीबारे उच्च सरकारी वकील कार्यालय बुटवलका सहन्यायाधिवक्ता सोमकान्ता भण्डारीले जानकारी गराएका थिए ।

सवारी ऐन तथा नियमावली सम्बन्धी उप-न्यायाधिवक्ता हरिप्रसाद घिमिरेले जानकारी गराए । उनले सार्वजनिक सवारी साधन गुडाएको प्रत्येक चार घण्टामा चालकले केही समय आराम गर्नुपर्ने र लामो दूरीका बसमा प्रत्येक ६ घण्टामा चालक परिवर्तन गर्नुपर्ने ऐनमा व्यवस्था भए पनि कार्यान्वयन नभएको औंल्याए ।

कार्यक्रमको उद्देश्य माथि सहायक न्यायाधिवक्ता बसन्तराज पोखेलले प्रकाश पारेको कार्यक्रममा प्रा.लि.का अध्यक्ष दधिराम खरेलले बदलिंदो समयसापेक्ष सवारी ऐन बन्नुपर्ने र भएका कानूनको सही ढंगले पालना हुनुपर्ने बताए ।

प्रालिका दुर्घटना न्यूनीकरण कार्यक्रम संयोजक नारायणप्रसाद घिमिरेले संस्थाले चालक, सहचालकलाई दुर्घटना न्यूनीकरण र असल व्यवहारसम्बन्धी नियमित प्रशिक्षण दिइरहेकोमा पहिलोपटक सवारी ऐन, नियमावलीबारे प्रशिक्षण दिइएको बताए । प्रशिक्षण अभियान एकदमै प्रभावकारी भएको र दुर्घटना न्यूनीकरण भएको घिमिरेले जनाए ।

राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय, लुम्बिनी प्रदेशका प्रहरी निरीक्षक इश्वरी अधिकारीले ट्राफिक सचेतनासम्बन्धी प्रशिक्षण दिँदै अधिकांश दुर्घटनामा चालकको लापरबाही, तीव्र गति, सवारी साधनको यान्त्रिक गडबडी, सडकको अवस्थालगायत रहेको बताए । कार्यक्रममा उच्च सरकारी वकिल कार्यालय बुटवलका कम्प्युटर अधिकृत बुद्धिराम पराजुलीले समेत आफ्ना धारणा राखेका थिए ।



दैनिक लुम्बिनीको साप्ताहिक कोशेली

# पाहुर

२०८२ बैशाख २७, गते शनिबार

तपाईका लागि...

## बिट्विन द लाइन्स्...

जब म फर्किरहेको थिएँ
कसैले सोध्यो–
'कसरी चलिरहेछ गाउँको पाठशाला ?'
मैले भनेँ–
'जसरी चलिरहेछ योदेश ।'

**मीनबहादुर विष्ट**

('गाउँको पाठशाला' कविताबाट)

**प्रदीप नेपाल विशेष**

(गत २३ गते प्रगतिशील साहित्यकार तथा पूर्व मन्त्री प्रदीप नेपालको निधन भयो । नेपालको स्मृतिमा उहाँद्वारा लिखित संस्मरण र कथा यहाँ प्रस्तुत गरिएको छ । सञ्जय थापा उपनामबाट पनि चिनिनुहुने नेपालले नेपाली साहित्याकाशमा पुऱ्याउनु भएको योगदान सदा स्मरणीय रहनेछ ।)

**संस्मरण**

# फेरि लुम्बिनीको यात्रा



त्यतिबेला अर्थात् भूमिगत कालमा अप्ठ्यारो कामको जिम्मेवारी पाउनु गर्वकै कुरो हुन्थ्यो । पार्टी भूमिगत भएर हो वा चेतनामा त्याग, तपस्या र बलिदानको मात्रा प्रचुर भएर हो, ठूलो हुनुपर्ने होडबाजी कतै पलाएको, भेटिएको थिएन । योग्यता सहज ढंगले प्रदर्शिक हुन पाउँथ्यो । एक अर्काप्रति सद्भाव र सहयोगको भावना प्रचुर थियो त म भन्दिन, तर एउटाले अर्कालाई पछार्नै पर्छ भन्ने बिमारी त्यतिबेला सामान्यतया कसैमा पाइदैनथ्यो ।

होडबाजी र तानातानको रोग हाम्रो पार्टीमा ०३९ सालमा घुस्यो ।

०३९ सालको पार्टीभित्रको वितण्डाले पार्टीव्यापी रूपमै समस्या पारेको थियो । त्यसैबेला हालका डाक्टर डि.बी.सिंह र त्यतिबेलाका कमरेड कुन्दनले विश्वक्रान्तिको दस्ताबेज वितरण गर्दै आफूले नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी लेनिनवादी) पार्टी छोडेको र आफू विश्वक्रान्तिमा लागेको घोषणा गर्नुभयो । उहाँको विचारमा यो सिङ्गो विश्व एउटा इकाइ थियो, नेपाली क्रान्ति नाउँको कुनै स्वतन्त्र क्रान्तिको त्यहाँ अस्तित्व नै थिएन । नेपाली क्रान्ति भनेको उहाँको विचारमा जिल्ला कमिटीले दैनन्दिन सम्पादन गर्ने काम जस्तो थियो । मान्छे पनि गजबको हुनुहुन्थ्यो उहाँ । ०३९ सालको गुटबन्दीले आहत पारको पार्टीलाई समेट्न ०४० सालको असौजमा राष्ट्रिय कार्यकर्ता भेला राखिएको थियो । कमरेड कुन्दन भने लुम्बिनी अञ्चलका सकै अगुवा साथीहरूलाई राष्ट्रिय भेलामा पठाएर आफू चाहिं विश्वक्रान्ति सम्बन्धी प्रशिक्षण दिन सोही दिन कपिलवस्तुतिर लाग्नु भएछ ।

त्यतिबेला उहाँ पार्टी केन्द्रीय कमिटीको सदस्य र लुम्बिनी अञ्चलको सचिव हुनुहुन्थ्यो । उहाँले पार्टी छोडेको घोषणासँगै यो पनि थप घोषणा गरिदिनु भयो, 'जो आउँछ लुम्बिनीमा सचिव हुन्, त्यसको खुट्टा काटिदिन्छु ।'

बञ्चरे स्वभाव थियो ती साथीहरूमा । हामीले जीवराज आश्रितको बारेमा चिन्ता गर्नेपर्ने भयो । उहाँप्रति आवश्यकता भन्दा बढी पूर्वाग्रही पनि थिए तिनीहरू। आश्रित कमरेड संगठन र अनुशासनका मामिलामा अलि कठोरै हुनुहुन्थ्यो पनि । कहिलेकाहीं उहाँको त्यो कडाइ जर्रो जस्तो पनि लाग्दथ्यो । त्यसैले जीवराज आश्रितलाई लुम्बिनीमा राखिरहन सुहाउँदैनथ्यो । केन्द्रीय कमिटीको सदस्य रहिरहेको मान्छेले पार्टी परित्याग गरेको हुनाले लगत्तै केन्द्रीय कमिटीको बैठक बस्यो र लुम्बिनीकै समस्यामा केन्द्रित रहेर छलफल पनि गऱ्यो । लुम्बिनीको जिम्मा जीवराज आश्रितलाई दिनु हुँदैन भनेर हामीले विकल्पको खोजी गऱ्यौं । तर नेतृत्वका अरु साथीहरू पनि एउटा भूगोलको जिम्मेवारीमा बाँधिनु भएको थियो । त्यसैले खोजीकार्य सहज थिएन ।

कमरेड कुन्दनको चरित्रमा बञ्चरे धम्की पनि छ भन्ने मलाई थाहा थिएन । डी.बी.सिंहलाई म ०२७ सालदेखि नै चिन्थे । मेरो निष्कर्षमा बालसुलभ गुणहरू नै उहाँमा धेरै थिए । हावादारी योजना बनाउनु हुन्थ्यो प्रायः उहाँ र त्यो योजना असफल भएपछि मज्जाले हाँस्नुहुन्थ्यो आफैंलाई उडाउँदै । त्यस्तो मान्छे कसरी बञ्चरे हुनसक्थ्यो ? मनले मान्दैनथ्यो तर भुक्तभोगीले सुनाएको कथा जस्तो लाग्ने घटनालाई पत्यार नगरी बेवास्ता गर्नु पनि हुँदैनथ्यो । अहिले अमृत बोहरा झण्डै क्रान्तिको शहीद भैसक्नु भएको रहेछ । विचारमा धमिरा लगाउने उग्रवामपन्थी चेतले झुक्किएर राम्रो काम गर्छ भन्ने कतिपयलाई लाग्ला– तर उग्रवामपन्थ, दक्षिणपन्थता भन्दा खतरनाक, नोक्सानदायी प्रवृत्ति हुँदो रहेछ । यो मैले धेरै ठाउँबाट समेटेको अनुभव हो ।

लुम्बिनी अञ्चलको एकपछि अर्को व्यवधान आइरहेको हुनाले काम पनि पहिलेको जस्तो सहज थिएन । एउटा सचिव मोदनाथ प्रश्रित जेल पर्नु भयो । जेल विद्रोहपछि पुनः गिरफ्तार हुनुभएर त्यतिबेला जेलमै रहनु भएको थियो । उहाँपछिको सचिव हुनुहुन्थ्यो गोपाल शाक्य । उहाँलाई पार्टीले कारबाही गरेर निकालेको थियो र उहाँसँगै केही साथीहरूले पार्टी छोड्नु भएको थियो । त्यसपछिको सचिव कुन्दन, बञ्चरे भएर निस्किुन भएको थियो ।

माथिको यो दुर्गतीलाई मेटमाट गर्ने जिल्ला नेतृत्व पनि साह्रै सुदृढ भएको अनुभव गरेको थिइन मैले । जिल्ला नेतृत्वमा रहनु भएका सिद्धिनाथ ज्ञवाली, देवेन्द्र घिमिरे जस्ता साथीहरू पाका र पुराना हुनुहुन्थ्यो । देवेन्द्रलाई लुम्बिनी अञ्चलमा सही ढंगले काममा लगाउन नसकिएकै हुनाले पार्टीले नयाँ खोरिया फाँड्न र उतैबाट नेतृत्वमा विकास गराउन भेरी पठाएको थियो । सिद्धिनाथ ज्ञवाली, चचाको रूपमा ठूलो र बाक्लो वरको छहारी जस्तो लाग्नुहहुन्थ्यो । भीमनारायण थारु, पछौटे चेतनाका कारण जिल्लाको सामग्रिक नेतृत्व गर्न असमर्थ हुनुहुन्थ्यो । उहाँ लागिरहनु भएको थियो, यहीं नै ठूलो कुरो थियो । डी.बी.खत्रीको अस्थिरता र आफैं भित्रको अन्यौलको उहाँलाई खाइरहेको थियो ।

कार्यकर्ताको अभाव त थिएन लुम्बिनीमा, तर मान्छे नटिक्ने विचित्रको बिमारी नै थियो त्यहाँ । म अघिल्लो पालि लुम्बिनीको जिम्मेवार छँदाताकाका थुप्रै साथीले काम छोडिसकेको समाचार सुनको थिएँ । गणेश पोखरेल बुटवलमा मजदुरी गर्न आउनु भएको थियो छपिया छोडेर । राधाकृष्ण चौधरी पनि पूर्णकालीन हुनुहुन्न, दीपकले पार्टी काम छोडेर जागिर खान थालिसक्नु भयो जस्ता समाचारहरूले मलाई लुम्बिनीको कामप्रति उत्साहित हुन पनि दिइरहेका थिएनन् । "राघवेस (ज्ञवाली) चरित्रहीन भएर पार्टी विरोधी नै भयो" भन्ने समाचार मेचीमै सुनेको थिएँ मैले पहिले नै । त्यो समाचार मेरा लागि अत्यन्तै दुःखको खबर थियो । झण्डै प्रियजनको मृत्युको खबर जस्तै थियो । दीपाको लोग्ने शीर्षक कथामा मैले यो चरित्रको चित्रण गरेको छु ।

गोपाल शाक्यलाई त पार्टीले निकालिदिएको थियो तर उहाँलाई लुम्बिनीले निकालेको थिएन । लुम्बिनीमै उहाँ घुमफिर गरिरहनु भएको छ, जनताको बीचमा टिकेर काम गरिरहनु भएको छ भन्ने जस्ता समाचारले मलाई चिन्ताभन्दा बढी खुशी दिएको थियो । किनभने मेरा लागि गोपाल शाक्यको निष्काशन नै घातक चोट थियो । दुःखका दिनहरू हामीलेसँगै बिताएका थियौं । गोपाल शाक्य निरन्तर क्रियाशील हुनुहुन्छ भन्ने समाचार त मेरा लागि खुशीके कुरो थियो तर त्यहीं साथीसँग भिड्न आफूले लुम्बिनीको काम जिम्मा लिनुपर्ला भनेर मैले सपनामा पनि चिताएको थिइन । गोपाल र म बीचका अन्तरंग सम्बन्धका कारण म जुन दुर्घटनाबाट बाँच्न चाहन्थें आखिरमा मैले त्यहीं फस्नु पऱ्यो । आखिरमा मैले नै लुम्बिनी जानुपर्ने भयो ।

**राजनीति कति निर्मम हुन्छ होगि कहिलेकाहीं ?**

"दिनेक कमरेड (भनेको त्यतिबेलाको मेरो भूमिगत नाम)को पुरानो मित्रता छ डा.डी.बी. सिंहसँग" बैठकमा कसैले कुरो उठाउनु भयो, "कुन्दन प्यूठानको जेल तोडेर आउँदा उहाँले नै आश्रयका लागि पनि सहयोग गर्नुभएको थियो, त्यसैले दिनेश कमरेड माथि कुन्दनले एक्कासि प्रहार नगरिहाल्लान् । यता लुम्बिनीको पार्टी पनि उहाँको लागि नयाँ छैन । उहाँसँगै काम गरेका साथीहरू त्यहाँ हुनुहुन्छ। भिज्न, मिल्न र कुन्दनसँग प्रतिवाद गर्न सबै हिसाबले सजिलो हुन्छ । त्यसबाहेक पार्टी विरोधी क्रियाकलापमा लागेर त्यतै रगरगती हिंडेका गोपाल शाक्य र राघवेस ज्ञवालीहरूले पनि उहाँप्रति व्यक्तिगत पूर्वाग्रह पाल्दैनन् । झोसपोल पनि गर्दैनन् । डी.बी.सिंहले अरु माथि हात हाले पनि दिनेश कमरेड माथि हात हाल्दैनन् । आखिर उहाँले नै प्युठान जेलब्रेकपछि डी.बी.लाई आश्रय दिएर प्रोन (प्रोलेटारियन अर्गनाइजेसन अफ नेपाल)को सम्पर्कमा पुऱ्याई दिनुभएको थियो । त्यसैले मेचीको काममा अरु कसैलाई खटाएर दिनेश कमरेडलाई नै लुम्बिनीमा पठाउनुपर्छ ।"

प्रस्ताव तर्कसंगत थियो । अरुहरू डराएर जानु भएन भन्नु हुँदैन मैले । मैले साँच्चै कुन्दनसँग डराउनु पर्दैनथ्यो । उहाँ र म ०२७ सालदेखि नै साथी थियौं । उहाँहरू आधारक्षेत्रको खोजी गर्दै कर्णाली अञ्चल गएको र ऋतुवर्ण तुम्बाहाम्फेले उहाँहरूलाई खर्चबर्चसहित त्यहाँबाट काठमाडौं फर्काएको भन्ने पनि मैले किंवदन्ती सुनेको थिएँ । उहाँहरूको कम्पनीका मानिसलाई म पहिलेदेखि नै चिन्थे । त्यसैले अप्ठ्यारो बेलामा मन परेको क्षेत्र भनेर मेचीमै उभिन म सकिन । मेचीमा त्यतिबेलासम्म मनको बन्धन पनि बलियै भइसकेको थियो । तर पनि मैले मेचीमै म रहन्छु अरु कोही लुम्बिनी जानुस् भन्न सकिन ।

केन्द्रीय कमिटीको बैठकको अन्तिम रातमा, मेचीको कार्यभार मदन भण्डारीलाई सुम्पिएर हप्ता दिनमै मैले बुटवल पुग्नुपर्ने निर्णय भयो । सोही रात मर्दै गएको प्रभाती बिहानीमा मुख धुँदा धुँदै जीवराजले भन्नुभयो-"साथीहरू सबै असल हुनुहुन्छ ।"

उहाँले मलाई प्रभावित पार्न गोपीरमण गुरु, विष्णु पौडेल, घनश्याम भुसाल, दिल साहनी (त्यतिबेला दिल साहनी भैरहवा क्याम्पसमा पठाउनु हुन्थ्यो) जस्ता पुराना साथीहरूले खोजेको कन्थो पनि सुनाउनु भयो । दाँत माझ्ने बुरुसलाई उहाँ धोइपखाली गरेपछि तौलियामा पुछेर बट्टामा राख्नुहुन्थ्यो । त्यतिबेला पनि त्यहीं काम गर्दै उहाँले भन्नुभयो, "भीमनारानको तपाईंप्रति अलिक आग्रह छ । यसो सम्हाल्नु होला । ०३६ सालमा मलाई रूपन्देहीको सचिवबाट हटाउने मान्छे यहीं हो भन्ने मनोभाव पाल्नुभएको छ । केही दिन अप्ठ्यारो पर्ला । त्यसपछि कुनै समस्या पर्दैन ।"

मलाई दाँतमा ढुंगो लागेजस्तो भयो । उहाँले हिंड्ने बेलामा त्यसो नभनी दिनु भएको भए हुन्थ्यो । मेरो मन पीडामा मडारियो । एकछिन रन्थनिएँ म । पछि लाग्यो– उहाँले सबै कुरो जस्ताको तस्तै खुलासा गरिदिएर राम्रै काम गर्नुभयो । भीमनारानको सोचसँग मैले किन चित्त दुखाउने ?

ताराहरू बिलाउन थालेका थिएनन् अझैं । आकासमा सेतो तिलको बिस्कुन सुकाइएको छ जस्तो लाग्थ्यो । मैले मनमनै कल्पना गरे, ऋषिपत्नी अरुन्धती केही बेरपछि उठ्नेछिन् र अचार बनाउन सुकाएको तिलको बिस्कुन उठाउने छिन् । आँगन खाली हुनेछ र सूर्यदेवले दलानमा थन्क्याएको आफ्नो रथ निकाल्ने छन् । रथ बिस्तारै उकालो लाग्नेछ र आफ्नो बाह्र घण्टे जोटाइपछि थकाइ मार्न पुनः आफ्नो पुरानो घरतिर प्रस्थान गर्नेछ ।

(साभारः लुम्बिनी सन्देश, वर्ष १, अंक १, २०६८ मङ्सिर)

**कथा**

# पण्डितजी खोइ मेरो जात !

यस्तो दिन देख्नु पर्ला भनेर मैले कल्पना पनि गरेको थिइनँ । मेरै मूर्खता होला यो । कुनै दिन यस्तो अप्ठ्यारो आउँछ भनेर हिजै कल्पना गर्न नसकेको पनि होला। यतिबेला म कसैलाई गाली गर्न सक्ने अवस्थामा पनि छैन । जानेर होस् या नजानेर, गल्ती मेरै हो । यति हुँदाहुँदै पनि पण्डितहरूप्रति मेरो विश्वास छ । पण्डित भनेर मैले खालि बाहुन पण्डितको मात्र कुरा गरेको होइन । अहिलेको नेपालमा चार खालका पण्डित छन् । पहिला पण्डित तिनै बाहुन पण्डित भइहाले । दोस्रा पण्डित भनेका नेवार पण्डित हुन् । तेस्रा पण्डित भनेका जनजाति पण्डित हुन् । र, चौथा भनेका उत्पीडित जातिका पण्डित हुन् । यी चारै पण्डितसँग मेरो साझा प्रश्न हो : म कुमार पौडेलको जात के हो ? प्रश्न भन्दा पण्डितजीहरूको मानहानि हुन्छ भने यसलाई म विनम्र अनुरोध पनि बनाउन सक्छु ।

तपाईंहरूलाई निर्णय लिन अलिकति मेरो पृष्ठभूमि पनि चाहिएला । जन्मिँदा कसैको जात हुँदैन । त्यसैले बच्चा या बच्ची आफ्ना आमाबाबुको जातबाट चिनिन्छ । मेरा मातापिताको जात ब्राह्मण हो । मेरी माता शुद्ध सात्विक, शाकाहारी ब्राह्मणी हुनुहुन्थ्यो । जागिरे भएका कारण मेरा पिताका ब्राह्मणत्व त्यत्ति बलियो थिएन । मासु त उहाँलाई चाहिन्थ्यो नै । त्यसबाहेक लसुन, प्याज, गोलभेडाको बारबन्देज पनि उहाँलाई लाग्दैनथ्यो । त्यसैले जन्मँदा मैले आफूलाई ब्राह्मणपुत्र मान्नु पयो । किनभने, अचेल ब्राह्मणको चुलामा समेत लसुन, प्याज, गोलभेडा सबै चल्छन् । मेरो जन्मलाई सुखद दुर्घटना मान्नु हुन्थ्यो मेरा मातापिता । भएको के रहेछ भने हाम्रो जिल्लामा एक जना ज्योतिषी रहेछन्, बोलेको फेर नखाने । उनले बोलेको नपुगेको कहिल्यै थिएन रे ! उनले मेरा मातापितालाई भनिदिएछन्, अब तिमेरको जायजन्म बाँच्दैन ।

आमालाई सबैभन्दा ठूलो पिर पर्ने नै भयो । मभन्दा माथिका दुई भाइ सन्तान ताताुतु बोल्ने उमेरमै बितेका रहेछन् । मरेका छोराको शोकबाट उत्रिन पनि नपाउँदै ज्योतिषी बाजेले ठोकुवा गरिदएछन्, तिमेरको यो सन्तानले छेवार गर्न पनि पाउँदैन । भगवानलाई पनि राम्रा केटाकेटी चाहिन्छ भनेर चित्त बुझाऊ । शोक नगर ज्योतिषीले त सान्त्वना दिने हो । म पेटमा छँदैदेखि आमाका चिन्ताका दिन सुरु भए । आमा चाँडै जानु भो । मलाई लाग्छ बाँचुञ्जेल गर्भदेखि बोकेको पिर बोकेरै उहाँको जीवनले धर्तीबाट बिदा लियो ।

बाहुनले हलो जोत्दैनथे उतिबेला । त्यसैले हलो जोत्ने कामका लागि एक जना राई जातिका दाइ घरमा सहयोगीका रूपमा राखिएका थिए । जात अनुसार मद्यमांस चल्ने हुनाले उनी घरअगाडिको गोठको चोटामा बस्दा रहेछन् । तीन वर्षजतिको भएपछि उनले मलाई काखमा राखेर खेलाउने गर्थे रे ! उनी बस्ने चोटामा पनि बोकेरै लाँदा रहेछन् । चाक्लो र सेतो बोसो देखिने सुँगुरको मासु खान म मरहित्ते गर्थे रे ! कैयौं रात आधारातसम्म पनि रोएरै बिताउँथें रे ! आमाका लागि त सुँगुरको मासु नर्कको ढोकै भइहाल्यो । त्यसैले जति रोए पनि उहाँले मलाई सुँगुरको मासु खान दिनुभएन । तर, पिताजीले चाहिँ दया देखाउँदै भन्नुहुन्थ्यो रे, 'कति दिनका लागि आएको हो, केही रोकटोक नगर । जे माग्छ खान दे ।' सुँगुरको मासु खाने ढोका खुल्यो । त्यतिबेला म तीन वर्षको टेकोमा थिएँ । ज्योतिषी बाजेले दिएका जीवनका दुई वर्ष अझैं बाँकी थिए । त्यसैले त्यो दुई वर्षभर मैले सुँगुरको मासु खाइरहैं ।

हाम्रो गाउँका सबैलाई छक्क पार्दै मैले ६ वर्षको पाइलो टेकैं । गज्जब भो ! म बाँचाँ त्यतिन्जेल मलाई पाँचै वर्षमा स्वर्ग पठाउने भविष्यवाणी गरेका ज्योतिषी बाजे आफैं आकाशतिर उकालो लागेछन् । मैले चाहिँ बाँचेकै कारण मीठो लाग्दा लाग्दै पनि सुँगुरको मासु खान नपाउने थिति बन्यो ।

तर, मेरो छेवार भएन । ६ वर्ष नटेक्दै मर्ने छोराको छेवार किन गरिरहने भन्ने लाग्योहोला सबैलाई !

बाँच्ने टुंगो भएपछि मेरा दुःखका दिन सुरु भए । ६ वर्ष टेकेको भोलिपल्टै मैले स्कुल जानुपर्ने भयो । त्यस बेलाको जमानामा बालवर्गमा पढ्नेले धुलौटोमा बाँसको छेस्कोले क, ख, ग, घ लेख्नुपर्थ्यो । बालवर्ग र एक क्लास मैले एकै वर्षमा सिध्याएँ ।

म बाँच्दै गएँ । पढ्दै गएँ । ३ कक्षामा गएपछि राम्रो नेपाली वर्णमाला भन्ने किताब मेरो हातमा पर्यो । त्यो एउटा सानो किताबमा अचेलको एलकेजी, यूकेजी र कक्षा १ सम्मको सबै पढाइ हुन्थ्यो । त्यहाँ कविता, गीत र उखानटुक्काहरू पनि हुन्थे । हामीले अंग्रेजी पनि त्यही किताबबाट सिकेका थियौं ।

त्यो किताबमा छापिएको कविताले छोयो मलाई । मैले पनि एउटा कविता लेखें । शुक्रबारको दिन आधा पढाइ, आधा अतिरक्ति क्रियाकलाप हुन्थ्यो स्कुलमा अतिरक्ति क्रियाकलापमा खेलकुद र कविता गोष्ठी प्रमुख थिए । मैले खेलकुदलाई नमस्कार गरैं र कवितातिर लागैं । किनभने, मेरो हेडसर कवितालाई धेरै माया गर्नुहुन्थ्यो । लौ खा, मैले त पहिलो कवितामै एउटा कपी र पेन्सिल पुरस्कार पो पाएँ ।

हेडसरले भन्नुभयो, "हेर केटा ! यो लामो नाम तँलाई पछि झर्को लाग्छ । कुमारप्रसाद पौडेल । त्यसैले यो बीचको प्रसाद झिकेर फालिदे र फुर्तिलो नाम बना । कुमार पौडेल । कति सुन्दर !"

हेडसरले भनेको हुनाले मलाई पनि नयाँ नाम सुन्दर लाग्यो ।

तर, त्यो सुन्दरले सजिलै मेरो जातलाई धमिलो बनाउँदै छ भनेर त्यतिबेला मलाई थाहै भएन । उसै पनि जातपात भनेको के हो, मलाई चासो पनि थिएन ।

नौ-दस वर्षको उमेरमा ब्राह्मणपुत्रको व्रतबन्ध गर्ने उमेर हो । तर, मेरो व्रतबन्ध भएन । सायद आमालाई जति व्रतबन्धकोचिन्ता बालाई हुँदैनथ्यो कि ! आफूसँगैका साथीले जनै देखाएर, गुनुमुनु गुनुमुनु गर्दै गायत्री मन्त्र जपेको नाटक गरेर मलाई चिढ्याउँथे । सुरु सुरुमा त मलाई केहीजस्तो लाग्दैनथ्यो । धेरै भएपछि दिक्क हुँदो रहेछ । एक दिन मैले पिताजीका सामु गुनासो गरैं, "गाउँमा सप्पैको बर्तमन भयो । मेरो बर्तमन किन नगरिदएको बा ?" "अब हुन्दे, जन्मिनेबित्तिकै रक्सीले नुहाउनुपऱ्यो । दाँत उम्रिदा नउम्रिदै सुँगुरको मासु खान थालिस् । अब बर्तमन गर्नु हुँदैन ।"

त्यतिबेला काँधको जनैभन्दा मुखको स्वाद नै मलाई प्रिय लाग्थ्यो । पिताजीको कुराबाट मैले कुन ज्ञान पाएँ भने जनै लगाएपछि चोपिलो सुँगुरको मासु खान मिल्दैन । त्यसैले मनमनै भनें-'ठीकै भएछ' ।

घरबाट अलिक टाढै थियो हाई स्कुल । बजारको छेउमा टुसुक्क बसेको हाई स्कुलमा जात आतंक पनि थियो । जनै भिरेका मेरा साथीहरू दलित साथीहरूको छेउछाउमा बसेर चिया खान मान्दैनथे । त्यतिबेला ती दलित साथीहरूको अनुहार अमिलो हुन्थ्यो । जनै नलगाएकै कारण म उनीहरूसँगै बसेर चिया खान्थैं । उनीहरूको अनुहार उज्यालो हुन्थ्यो । त्यो उज्यालो अनुहार हेर्दै म कल्पिन्थैं, 'जनै नलाएकै राम्रो भएछ ।'

म जन्मिएको जिमी गाउँको पुछारमा जिमी भनेको राईको एउटा समुदाय हो । मायाप्रीतिले जात हेर्दो रहेनछ । सँगै पढेकी सुम्निमा राईसँग उमेर पुगेपछि मैले बिहे गरैं । प्रेम विवाह । मन्दिरमा गएर बिहे गर्नुपर्छ भन्ने हामी दुवैलाई लागेन । तर, प्रमुख जिल्ला अधिकारीको कार्यालयमा विवाह दर्ता गराउनुपर्छ भन्ने ज्ञानचाहिँ हामीसँग थियो । त्यसैले प्रमुख जिल्ला अधिकारीकै कार्यालयमा हामीले झ्याइँकुटी गऱ्यौं ।

आन्दोलन सुरु भयो जातपातको । हुन्डरी बनेर आएको जातपातको आन्दोलनको आयु धेरै हुँदैन भन्ने हामी दुवैलाई थाहा थियो । तर, डर लाग्दो रहेछ कता कता । एक वर्ष हामीले चिन्ताका दिन र रातहरू बितायौं । एक दिन एक जना मित्रले फोन गरे, "म अखिल नेपाल ब्राह्मण समाजको अध्यक्ष । यहाँसँग भेटेर कुरा गर्न मन लागेको थियो ।"

मैले पन्छाउनुपर्ने कुनै कारण थिएन ।

तीन जना साथीहरू आउनुभयो । ब्राह्मण समाजको सदस्यता लिन आग्रह गर्नुभयो ।

"पहिले मलाई चिन्नूस्," मैले सम्झाउने पारामा भनैं, "तपाईंहरू मेरो थर पढेर आउनुभएको होला सायद । तर, म ब्राह्मण होइन । सानैदेखि रक्सी र सुँगुरको स्वाद लिएर हुर्किएको हुँ मा छेवार, व्रतबन्धजस्ता ब्राह्मण कर्म केही गरेको छैन मैले । म भगवान्को अस्तित्व मान्दिनँ । मैले गाउँकै किराँती केटीसँग बिहे गरैं । दुई सन्तान छन् । तिनीहरू खसीको मासु खान मान्दैनन् । उनीहरूलाई बङ्गुर र सुँगुर नै चाहिन्छ । मेरो यो विवरण ब्राह्मण समाजका लागि फिट हुन्छ भने म ब्राह्मण समाजको सदस्यता लिन तयार छु ।"

"यहाँलाई ब्राह्मण समाजमा सदस्यता दिन नमिल्ने रहेछ, नमस्कार ।"

ब्राह्मण समाजबाट राहत पाएपछि सायद अब यस्तो प्रस्ताव आउँदैन होला भन्ने लागेको थियो मलाई । तर, आइपुग्यो अर्को प्रस्ताव आदिवासी खस क्षेत्री समाजका तर्फबाट । प्रस्ताव ल्याउने जिल्लावासी साथी थिए । "तपाईं ब्राह्मण जातबाट खस्नुभयो अब । बाहुनको छोराले तल्लो जातकी केटीलाई भित्रायो भने तिनका सन्तान क्षेत्री हुन्छन् । सर पनि विवाहपछि क्षेत्री हुनुभयो । हामी संस्थाको सदस्यताका लागि आग्रह गर्न आएका ।"

"जातबाट त खसियो नै," मैले भनें, "तर, क्षेत्रीहरू मतवाली हुँदैनन् । क्षेत्रीहरू सुँगुर पनि खाँदैनन् । मेरो घरमा रक्सीचाहिँ चल्दैन । जात होइन, स्वास्थ्यका कारणले । तर, मलगायत सिंगै परवारको प्रिय खाद्य भनेको सुँगुरको मासु नै हो । सुँगुर र रक्सी चल्नेले पनि क्षेत्री हुन पाउँछ भने म तपाईंहरूको संगठनको सदस्यता लिन तयार छु ।"

क्षेत्री समाजले पनि मलाई स्वीकार्न सकेन ।

जातभाइको खोजीको अभियान नै चलेको थियो । मेरो पाटो सकिएको थियो । तर, श्रीमतीजीको पाटो सुरु भएकै थिएन । त्यो पनि हुनुपर्थ्यो । सबैभन्दा पछाडि त्यो भयो । "हेर्नूस् माइती हो," मेरी श्रीमतीले भनिन्, "म बाहुन गाउँको आडैमा जन्मिएँ । सबैजसो ब्राह्मण समाजका संस्कारहरू हेर्दै र भोग्दै मैले विद्यार्थी जीवन पार गरैं । हामी जाँडरक्सी खाँदैनौं । हामीलाई जातपातप्रति विश्वास पनि छैन । अहिले त झन् म ब्राह्मण परवारसँग जोडिएकी छ । यसलाई छाडेर जान पनि म सक्दिन ।"

श्रीमतीले ब्राह्मण समाजसँग आफूलाई जोड्न खोजे पनि ब्राह्मण समाजले हामीलाई स्वीकार गर्ने कुनै सम्भावना नै छैन । मेरो जात के हो ?

चारै थरीका पण्डितजीहरूलाई सोधिएको प्रश्न हो यो ।

# अदालतले गरेका निर्णय कार्यान्वयनमा समस्या



नवलपरासी । संघीय लोकतान्त्रिक गणतन्त्रपछि पनि न्यायलय स्वतन्त्र हुन नसकेको र अदालतले गरेका निर्णय कार्यान्वयनमा समस्या देखिएको कानुन दिवसका अवसरमा आयोजित कार्यक्रममा बोल्ने वक्ताहरुले औंल्याएका छन् । शुक्रबार नवलपरासी जिल्ला अदालत पश्चिम नवलपरासीले आयोजना गरेको कार्यक्रममा उनीहरुले उक्त कुरा बताएका हुन् ।

कार्यक्रममा जिल्ला समन्य समितिका प्रमुख भगवति यादवले कानुनको पालना सबैले गर्नुपर्ने बताउँदै कतिपय अदालतले गरेका फैसला कार्यान्वयन नहुँदा पीडितले न्याय पाउन नसकेको बताए । न्यायपालिकाले गरेका फैसला कार्यान्वयन भएमात्र पीडितले न्याय पाउने भएका कारण फैसला कार्यान्वयनमा जोड दिनुपर्ने उनले जनाए । कार्यक्रमका प्रमुख अतिथि समेत रहेका प्रमुख यादवले कानुनी शासनलाई सर्वोपरि मानिएन भने अराजकता बढ्दै जानेहुँदा पहुँचको आधारमा न्याय सम्पादन भए पीडितले न्याय पाउन नसक्ने भएका कारण कानुनभन्दा माथि कोही पनि हुन नसक्ने बताए ।

नवलपरासी जिल्ला अदालतका न्यायाधीश केशव अधिकारीले अदालत कसैको नभएर सबैको भएको अनुभूति दिलाउनु पर्ने बताए । संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिपछि बनेका तीन तहका सरकारबिच अधिकार बाँडफाँटको विवाद रहेको बताउँदै उनले अदालतमा आएका मुद्दा स्थानीय तहमा गठन भएका मेलमिलाप समितिमा पठाउन कानुनी व्यवस्था नभएको जानकारी दिए । अदालतमा अझैं पनि मुद्धाको चाप रहेको उनले बताए ।

कार्यक्रममा जिल्ला अदालतका श्रेस्तेदार जानकी रमण यादवले न्यायलय अझैं पनि पूर्णरुपमा स्वतन्त्र हुन नसकेको, कार्यपालिकाबाट न्यायपालिका अझैं पनि पूर्ण रुपमा स्वतन्त्र हुन नसकेको, नागरिक न्यायको पहुँचमा पुग्न नसकेको बताए ।

कार्यक्रममा रामग्राम नगरपालिकाका नगरप्रमुख धनपत यादव, प्रतापपुर गाउँपालिकाकी उपाध्यक्ष मानकुमारी चौधरी, प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मी, नेपाल वार नवलपरासीका अध्यक्ष रामकृष्ण पौडेल, नागरिक समाजका राधेश्याम सिंह सैथवारलगायतले कानुन दिवसको बारेमा चार्चा गरेका थिए ।

नेपालमा २००७ को क्रान्तिपछि बैशाख २६ गते पहिलो पटक नेपालमा केन्द्रीय न्यायलय स्थापना गरेर नेपालले स्वतन्त्र न्यायपालिका पाएको थियो ।

**श्री कृषक आदर्श माध्यमिक विद्यालय**

**सम्मरीमाई गाउँपालिका–७, बेतकुईयाँ, रुपन्देही लुम्बिनी प्रदेश, नेपाल**

## अनुदान शिक्षक विज्ञापन सम्बन्धमा ।

**प्रकाशित मिति २०८२।०१।२६**

प्रस्तुत विषय सम्बन्धमा सम्मरीमाई गा.पा.को मिति २०८२/०१/०४ गते चलानी नं. १८१३ को प्राप्त पत्रानुसार यस विद्यालयमा निम्न माध्यमिक तहको गा.पा. स्वंमसेवक शिक्षक आवश्यक भएकोले पदपूर्तिको लागि करारमा नियुक्ति गर्नु पर्ने भएकोले योग्यता पुगेको इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र विद्यालय खुलेको समयमा रीतपूर्वकको दरखास्त आह्वान गरिएको छ ।

**तपसिल**

| क्र. सं. | विज्ञापन नं. | माग संख्या | पद / किसिम/तह | विषय | तलब स्केल | परीक्षाको किसिम | शैक्षिक योग्यता | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|---|---|---|
| १ | २०६१ / ०८२ | १ (एक) | गा.पा.नि.मा. अनुदान शिक्षक | सामाजिक | गा.पा. को नियम अनुसार | लिखित अन्तर्वार्ता | आइ. एड. वा सो सरह | रु . १०००/- |

**आवश्यक कागजातहरु :**

१. सम्पूर्ण शैक्षिक योग्यता प्रमाण पत्रहरुको प्रतिलिपि (साथै विदेशी बोर्डबाट अध्ययन गरेको भए समकक्षता हुनुपर्ने )
२. अध्यापन अनुमति पत्रको प्रतिलिपि
३. तालिम प्रमाण पत्रको प्रतिलिपि
४. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि
५. उम्मेदवारको हस्तलिखित निवेदन
६ उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको
७ अनुसूची १४ बमोजिम निरोगिता प्रमाण पत्र
८. दरखास्त दिने अन्तिम मितिः २०८२/०२/०९ सम्म
९. सम्पर्क मितिः दरखास्त दिने अन्तिमका दिन तोकिनेछ

*पुनश्च अनुभवी तथा माथिल्लो योग्यता लाई प्राथमिकता दिइनेछ ।*

**विद्यालय व्यवस्थापन समिति**

**प्रधानाध्यापक (फोन नं. ९८५६०५१४१२**

**नेपाल नेत्र ज्योति संघ**

**लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थान तथा रिसर्च सेन्टर**

**श्री रण अम्बिका शाह आखा अस्पताल**

**बुटवल लायन्स आँखा अस्पताल**

परीक्षा समिति,२०८२

## नतिजा प्रकाशन

यस अस्पतालद्धारा मिति २०८१/१२/३० गते आवश्यक विभिन्न रिक्त पदहरु करारद्धारा पदपुर्ति गर्न राष्ट्रिय दैनिक लुम्बिनी पत्रिकामा प्रकाशित सूचना तथा मिति २०८२/०१/२६ मा सम्पन्न अन्तर्वाताबाट निम्न पदहरुमा देहाय अनुसार सफल उम्मेदवारहरुको नामावली प्रकाशित गरिएको सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। सफल उम्मेदवारहरुले आफ्नो निरोगिताको प्रमाणपत्र सहित नतिजा प्रकाशित मितिले ७ (सात) दिन भित्र नियुक्ति पत्र लिन यस अस्पतालमा सम्पर्क राख्नहुन सूचित गरिन्छ।

**पद : नेत्र सहायक (रा.प.अन प्रथम) तहः ८ (प्रा)**

सफल उम्मेदवार, पद संख्याः २ (दुई)

| क्र. सं. | दर्ता नं. | रोल नम्बर | नाम |
|---|---|---|---|
| १ | ८ | OA8 | रक्षा कार्की |
| २ | ३ | OA3 | किरण वि.के |

**वैकल्पिक उम्मेदवार**

| क्र. सं. | दर्ता नं. | रोल नम्बर | नाम |
|---|---|---|---|
| १ | २ | OA2 | रन्जित गडेरिया |
| २ | १ | OA1 | प्रवेज खान |

**पद : अप्टिकल डिसपेन्सर (श्रेणी विहिन) तहः १ (प्र)**

सफल उम्मेदवार, पद संख्याः १ (एक)

| क्र. सं. | दर्ता नं. | रोल नम्बर | नाम |
|---|---|---|---|
| १ | १ | OD1 | अंकित दुवे |

**पद : कार्यालय सहयोगी (श्रेणी विहिन) तहः १ (प्र)**

सफल उम्मेदवार, पद संख्याः १ (एक)

| क्र. सं. | दर्ता नं. | रोल नम्बर | नाम |
|---|---|---|---|
| १ | २ | OH2 | प्रियंका शाक्य |

**वैकल्पिक उम्मेदवार**

| क्र. सं. | दर्ता नं. | रोल नम्बर | नाम |
|---|---|---|---|
| १ | १ | OH1 | भिम बर्मा |

संयोजक

परीक्षा समिति

## जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था लि.

## Janautthan Samudayic Laghubitta Bittiya Sanstha Ltd.

नेपाल राष्ट बैकंबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त वित्तीय संस्था ( १९ जिल्ला कार्य क्षेत्र भएको )

केन्द्रीय कार्यालयः बुटवल-१०, कालिकानगर, रुपन्देही, फोन नं. ०७१-४३८१७१ (email : info@jucbank.com.np)

**Unaudited Financial Report (Quarterly)**

**As on Third Quarter for the Fiscal Year 2081/082 (31/12/2081)**

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **2,323,432.85** | **2,323,486.97** | **2,319,624.60** |
| 1.1 | Paid-up Capital | 170,091.90 | 170,091.90 | 170,091.90 |
| 1.2 | Reserves and Surplus | 76,466.23 | 77,620.08 | 85,504.28 |
| 1.3 | Debenture and Bond | | | |
| 1.4 | Borrowings | 1,080,974.93 | 1,102,403.18 | 1,155,098.33 |
| 1.5 | Deposits (a+b) | **928,307.85** | **900,115.59** | **855,902.02** |
| | a. Domestic Currency | 928,307.85 | 900,115.59 | 855,902.02 |
| | b. Foreign Currency | | | |
| 1.6 | Income Tax Liabilities | | - | 4,075.70 |
| 1.7 | Other Liabilities | 67,591.94 | 73,256.22 | 48,952.37 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **2,323,432.85** | **2,323,486.97** | **2,319,624.60** |
| 2.1 | Cash & Bank Balance | 12,194.21 | 39,235.36 | 14,222.49 |
| 2.2 | Money at call and short Notice | 131,719.71 | 119,590.20 | 119,821.62 |
| 2.3 | Investments | 19,607.13 | | |
| 2.4 | Loans & Advances (a+b+c+d+e+f) | **2,118,210.74** | **2,121,141.14** | **2,099,431.84** |
| | a. Real Estate Loan | - | - | - |
| | 1. Residential Real Estate Loan (Except Persona | - | - | - |
| | 2. Business Complex & Residential Apartment ( | - | - | - |
| | 3. Income generating Commercial Complex Loa | - | - | - |
| | 4. Other Real Estate Loan (Including Land Purch | - | - | - |
| | b. Personal Home Loan of Rs. 10 million or less | - | - | - |
| | c. Margin Type Loan | - | - | - |
| | d. Term Loan | - | - | - |
| | e. Overdraft Loan / TR Loan / WC Loan | - | - | - |
| | f. Others | 2,118,210.74 | 2,121,141.14 | 2,099,431.84 |
| 2.5 | Fixed Assets | 8,846.94 | 8,408.42 | 10,667.16 |
| 2.6 | Non Banking Assets | | | |
| 2.6 | Other Assets | 32,854.12 | 35,111.85 | 75,481.49 |
| **3** | **Profit and Loss Account** | | | |
| 3.1 | Interest income | 203,968.96 | 133,920.74 | 215,816.15 |
| 3.2 | Interest Expense | 122,744.85 | 85,137.81 | 151,728.55 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **81,224.11** | **48,782.93** | **64,087.60** |
| 3.3 | Fees Commission and Discount | | - | - |
| 3.4 | Other Operating Income | 16,570.79 | 11,300.46 | 23,053.93 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **97,794.90** | **60,083.39** | **87,141.53** |
| 3.6 | Staff Expenses | 54,461.05 | 38,586.54 | 59,201.22 |
| 3.7 | Other Operating Expenses | 19,434.84 | 11,311.96 | 19,556.38 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **23,899.01** | **10,184.89** | **8,383.93** |
| 3.8 | Provision for Possible Loss | 42,233.90 | 26,738.10 | 15,990.16 |
| **D** | **Operating profit (C-3.8)** | **(18,334.89)** | **(16,553.21)** | **(7,606.23)** |
| 3.9 | Non Operating Income/Expenses (Net) | - | - | - |
| 3.10 | Write Back of Provision for Possible Loss | 9,740.72 | 8,629.99 | 22,701.41 |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **(8,594.17)** | **(7,923.22)** | **15,095.18** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | - | - |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **(8,594.17)** | **(7,923.22)** | **15,095.18** |
| 3.12 | Provision For Staff Bonus | - | - | 1,509.52 |
| 3.13 | Provision For Tax | - | - | 4,075.70 |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **(8,594.17)** | **(7,923.22)** | **9,509.96** |
| **4** | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 9.41% | 9.47% | 9.61% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 6.52% | 5.84% | 10.31% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 80.35% | 48.65% | 54.53% |
| 4.4 | Cost of Funds | 8.16% | 8.12% | 9.90% |
| 4.5 | Credit to Deposit & Borrowing Ratio | 111.25% | 111.14% | 109.17% |
| 4.6 | Base Rate | 13.32% | 13.71% | 15.28% |
| 4.7 | Interest Rate Spread | 6.81% | 6.12% | 4.78% |

नोट : उल्लेखित अपरिष्कृत वित्तीय विवरण नेपाल लेखामान बोर्डबाट जारी भई नेपाल चार्टर्ड एकाउन्टेण्ट्स संस्थाद्धारा अनुपालना गरिएको व्यवस्था बमोजिम नेपाल राष्ट्र बैंक द्धारा "घ" वर्गका लघुवित्त वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन बमोजिम तयार पारिएको छ। यस वित्तीय विवरणमा नियमनकारी निकाय तथा बाह्य लेखापरिक्षक बाट कुनै फेरबदल गर्ने सुझाब बमोजिम परिवर्तन हुन सक्नेछ।

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली , २०७३ को अनुसुची १४ को नियम २६ को उपनियम (१) संग सम्बन्धित**

**आ.व. २०८१/०८२ को तेस्रो त्रैमासिक प्रतिवेदन**

### १.वित्तीय विवरण :

क. त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्वन्धी विवरणः- यस वित्तीय संस्थाको आ. व. २०८१/०८२ को तेस्रो त्रैमासको वासलात, नाफा/नोक्सान सम्बन्धि विवरण यसै साथ प्रकाशित गरिएको छ। जसलाई वित्तीय संस्थाको वेबसाईट (www.jucbank.com.np)मा पनि राखिएको छ।

**ख.प्रमुख वित्तीय अनुपातहरु :**

| प्रति शेयर आम्दानी (वार्षिकीकरण) | मुल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कुल सम्पत्तिको मूल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| -६.७४ | -२४०.६२ | १४४.९६ | १,३६५.९९ | ६.५० |

### २.ब्यवस्थापकीय विश्लेषणः

**(क) त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण :**

चालु आर्थिक वर्षको तेस्रो त्रैमासिक अवधिमा संस्थाको कर्जा विस्तार न्यून रहेको छ। वित्तीय क्षेत्रमा फैलाईएको नकारात्मक तथा भ्रामक सन्देशको कारणले समग्र देशकै बैकिङ्ग तथा लघुवित्त सेवा प्रभावित भएको छ। ऋणी सदस्य संख्या, सदस्यहरुबाट प्राप्त हुने बचत, कर्जा लगानी तथा कोष लागतमा भएको परिवर्तनले संस्थाको कारोबार, मौज्दात र आम्दानीमा परिवर्तन देखिएको छ। व्यवस्थापनले लघुवित्त क्षेत्रमा देखिएको बाह्य जोखिम, कर्जा जोखिम, तथा तरलता जोखिमलाई उच्च प्राथमिकता साथ विश्लेषण गर्दै वित्तीय कारोवारहरु संचालन गदै आएको छ। आगामी दिनमा कर्जाको साँवा तथा ब्याज नियमित असुली हुने, निक्षेप परिचालनमा बृद्धि हुने तथा वित्तीय क्षेत्रमा देखिएको बाह्य समस्यामा क्रमश सुधार भई संस्थाको मौज्दात, आम्दानी र तरलता सन्तोषजनक रहने ब्यवस्थापनको अनुमान रहेको छ।

**(ख) आगामी अवधीको ब्यवसायिक योजना सम्बन्धमा ब्यवस्थापनको विश्लेषणात्मक विवरण :**

वित्तीय संस्थाले आफ्नो ब्यवसायलाई प्रर्वद्धन गर्ने क्रममा संस्थाको कार्यक्षेत्र भित्र पर्ने १९ वटा जिल्लामा ३९ वटा शाखा कार्यालयहरु स्थापना गरी वित्तीय पहुँचबाट वञ्चित समुदायहरुलाई बचत, कर्जा, विप्रेषण, बीमा तथा सामाजिक उत्तरदायित्वसँग सम्बन्धित विभिन्न सेवाहरु उपलब्ध गराउदै आइरहेको छ। संस्थाले ग्राहकको चाहना र आवश्यकतामा आधारित रही विभिन्न प्रकारका योजना सहितको सेवाहरु समय सापेक्ष थप परिमार्जन गर्दै जाने रणनीति लिएको छ। वित्तीय संस्थामा आवद्ध सदस्यहरुको आय आम्दानीमा बृद्धि गरि आर्थिक रुपले सक्षम र सवल बनाउनको लागि विभिन्न खालका सीप तथा उद्यमशिलता सम्वन्धी तालिमहरु तथा वित्तीय साक्षरता संम्वन्धी कार्यक्रमहरु योजनाबद्ध रुपले प्रदान गरिएको छ। वित्तीय संस्थामा आवद्ध समुह सदस्यहरुले गर्ने दैनिक कारोवारहरुको जानकारी मोवाईलबाट नै प्रदान गर्ने मूख्य उदेश्यले एस.एम.एस बैङ्किङ्ग सेवा सूचारु गरिएको छ। सदस्यहरुले आफ्नो किस्ता ईसेवा, खल्ती वालेट र कनेक्ट आई.पि.एस् मार्फत आफै भुक्तानी गर्न सकिने व्यवस्था गरिएको छ। वित्तीय संस्थालाई प्रविधीमैत्री बनाउने मूख्य उदेश्य तथा दैनिक कार्यहरुलाई सरल, पारदर्शि र छिटो छरितो सेवा प्रदान गर्न संस्थाका सम्पूर्ण ३९ वटै शाखा कार्यालयहरु मार्फत ट्याब्लेट बैकिङ्ग प्रणालीको शुभारम्भ गरि कार्यान्वयन गरिसकिएको अवस्थामा अझ यसलाई ब्यवस्थित तथा प्रभावकारी बनाउदै लगिने कार्ययोजना सहित देहायका विषयहरुलाई प्राथमिकतामा राखि कार्य गर्ने व्यवसायिक योजना रहेको छ। निक्षेप बृद्धिका लागी आर्कषक निक्षेप योजना लागु गरिने छ। बास्तविक समस्यामा परेका सदस्यलाई ब्याज छुट गर्ने र व्यवसाय पुनरउत्थानका लागी क्षमता अभिबृद्धि तालिम तथा वित्तीय परामर्श दिदै जाने योजन रहेको छ। ग्राहकको विश्वसनियता र पारदर्शितालाई ध्यानमा राखि नविनतम प्रविधिहरुको प्रयोग गरि वित्तीय सेवाहरुलाई ग्राहकमुखि बनाउदै लगिनेछ।

**(ग) विगतको अनुभवबाट संगठीत संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्नसक्ने घटना, अवस्था आदि भएमा सो सम्वन्धि विश्लेषणात्मक विवरण :**

लघुवित्त विरुद्धको आन्दोलन, स्रोतको परनिर्भरता र अपर्याप्तता, लघुवित्त संस्थाहरुमा देखिएको कर्जाको दोहोरोपना, अस्वस्थ प्रतिस्पर्धा आदि जस्ता समस्याले गर्दा संस्थाको आम्दानीमा असर परेको छ। भविष्यमा यस्ता किसिमका नकारात्मक असर पार्न सक्ने घटना वा अवस्था आउन नदिन आवश्यक नीति, नियम र कार्यविधिहरुको तर्जुमा गरि अगाडी बढ्ने नीति यस संस्थाले लिएको छ।

### ३.कानुनी कारवाही सम्बन्धि विवरण :

(क) त्रैमासिक अवधिमा संस्थाले वा संस्था विरुद्ध कुनै मुद्धा दायर भएको छैन र त्यस्तो कुनै सूचना पनि प्राप्त भएको छैन।
(ख) संस्थाको संस्थापक वा संचालकले संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्बन्धिमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन।
(ग) कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको छैन।

### ४.संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :

(क) यस संस्थाको शेयरहरु नेपाल स्टक एक्सचेन्जमा सुचीकृत भई कारोवार भईरहेको छ। शेयरको मूल्य तथा कारोवार बजारले निर्धारण गर्ने हुँदा यस संस्थाको शेयरको मूल्य तथा कारोवार प्रति तटस्थ छ। प्रचलित कानुन अनुसार लगानीकर्ता तथा सम्बन्धित निकायहरुलाई उपलब्ध गराउनु पर्ने सूचना तथा जानकारी भने संस्थाले उपलब्ध गराएको छ।

(ख) नेपाल स्टक एक्सचेन्ज लिमिटेडको वेभसाइट www.nepalstock.com का अनुसार त्रैमास अवधिको शेयर सम्बन्धी विवरण निम्न अनुसारको रहेको छ :

| अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोबार दिन | कारोबार संख्या | कारोबार शेयर संख्या |
|---|---|---|---|---|---|
| १,८६० | १,४१८ | १,६२१ | ५६ | २,८३१ | १७३,६७९ |

### ५.समस्या तथा चुनौतिहरु :

- ❖ दक्ष जनशक्तिको अभाव र पलायन।
- ❖ कर्जा नोक्सानीको कारण आम्दानीमा संकुचन।
- ❖ सदस्यहरुद्धारा उत्पादित बस्तु तथा सेवाको अव्यवस्थित बजार व्यवस्थापन।
- ❖ नियमनकारी निकायबाट फेरबदल हुन सक्ने नीति नियमहरु।
- ❖ समूह दायित्व वहनमा आएको समस्या
- ❖ कर्जा सदुपयोगितामा ह्रास।
- ❖ विभिन्न सयममा लघुवित्त विरुद्ध हुने सडक आन्दोलन
- ❖ हुल हुज्जत, लघुवित्त विरुद्धको कुप्रचार तथा नकारात्मक टिका टिप्पणीका कारण सदस्यहरुमा सिर्जना भएको अन्यौलता
- ❖ लघुवित्त क्षेत्रमा देखिएको उतार चढाव तथा विषम परिस्थीतिले सृजना गरेको किस्ता नतिर्ने सदस्यहरुको प्रवृति।
- ❖ आर्थिक मन्दीको कारण ग्राहकको कृषि, ब्यापार, ब्यवसाय र रोजगारीमा परेको प्रत्यक्ष प्रभाव।

### ६.संस्थागत सुशासन :

संस्थाले नेपाल राष्ट्र बैंकबाट जारी संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नुका साथै प्रचलित ऐनहरु कम्पनी ऐन २०६३, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, नेपाल राष्ट्र बैंक ऐन २०५८, धितोपत्र सम्बन्धी ऐन २०६३, आयकर ऐन २०५८ तथा श्रम ऐन, २०७४ पालना गर्दै आएको छ। संस्थाको विद्यमान नियम, विनियम, नीति, निर्देशिका र कार्यविधिलाई अनुसरण गर्दै वित्तीय कारोवारहरु सञ्चालन हुदै आईरहेको छ। आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्तदुरुस्त र प्रभावकारी बनाउन सञ्चालक समिति तथा ब्यवस्थापकिय तहमा विभिन्न समितिहरु गठन गरी विभिन्न समयमा अध्ययन, विश्लेषण, पुनरावलोकन र कार्ययोजना बनाई कार्य गर्दै आईरहेको छ।

### ७.सत्य, तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोष :

यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धताका सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायी छु। साथै, म यो उद्घोष गर्दछु की मैले जाने बुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित गर्ने तथा निर्णय लिन आवश्यक पर्ने कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।

# तिलोत्तमा दलित ज्ञान उत्सव' सुरु




बुटवल । रुपन्देहीको तिलोत्तमा नगरपालिकामा दोस्रो संस्करणको 'तिलोत्तमा दलित ज्ञान उत्सव' सुरु भएको छ।

२ दिने उत्सवको पूर्वमन्त्री एवं रुपन्देही क्षेत्र न. १ का प्रतिनिधिसभा सदस्य छविलाल विश्वकर्माले शुक्रबार उद्घाटन गरेका हुन् । उद्घाटन समारोहलाई सम्बोधन गर्दै विश्वकर्माले समतायुक्त, सुसंस्कृत र मानव मर्यादाको समाज निर्माणले मात्रै मुलुक समृद्ध बन्ने बताए। उनले संविधानले भेदभाव र छुवाछुत अन्त्यका लागि कानुन नै बनाएर दण्डित गरेको बताउँदै तिलोत्तमा नगरपालिकाले त्यही विषयमा केन्द्रित भएर उत्सवका रुपमा कार्यक्रम गर्नु निकै सकरात्मक रहेको बताए । उनले जातीय भेदभावजस्तो कुसंस्कार अन्त्य गर्नेपर्ने जनाए।

विश्वकर्माले तराईमधेशका दलित समुदायको जीवन निकै कष्टकर रहेकाले सुरक्षित आवास कार्यक्रम सुरु गरिए पनि त्यो अझैं प्रभावकारी हुन नसकेको बताए । कार्यक्रममा तिलोत्तमा नगरपालिकाका नगरप्रमुख रामकृष्ण खाँणले तिलोत्तमा नगरपालिकालाई मानवताको शहर बनाउने अभियानअन्तर्गत ज्ञान उत्सवको आयोजना गरिएको जनाए।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत नारायण अर्यालले सहयोगापेक्षी सडक आश्रित मानवमुक्त नगर घोषणा र दलित ज्ञान उत्सव मानवताको शहर बनाउने दीर्घकालिन योजनासँग जोडिएको बताए। उत्सवकै अवसरमा तिलोत्तमा नगरपालिकाको दलित पार्श्वचित्र र दलित विकास रणनीति विमोचन समेत गरिएको कार्यपालिका सदस्य सुरेन्द्र श्रीले जनाए।

उत्सवमा दलित समुदायले इतिहासदेखि वर्तमानसम्म उनीहरुको साहित्य, कला, संस्कृति र दर्शन, जातीय समानताको सन्देश, युवा सशक्तिकरण, साँस्कृतिक संरक्षण र सहभागिताका विषयमा वहस गरिने सामाजिक विकास समितिका संयोजक रवि सेन्चुरीले बताए।

उनका अनुसार पहिलो दिन शुक्रबार लुम्बिनी प्रदेशमा दलित अधिकार ऐन र राजनैतिक दलको भूमिका, राजनैतिक दल र दलित सशक्तिकरणको सवाल, दलित र उद्यमशिलता, विभेद विरुद्ध कविता र गीत संगित प्रस्तुत गरिएको छ।

यस्तै शनिबार सामाजिक रुपान्तरणमा युवा, संघीयतामा दलित सवाल र प्रतिनिधित्व, स्थानीय सरकारमा दलितमैत्री बजेट र प्रशासनिक संयन्त्रमा समावेशिता विषयमा बहस हुनेछ । ज्ञानउत्सवमा विभेदविरुद्ध चित्रकला समेत प्रस्तुत गरिएको छ।

# ट्रायम्फका दुई मोडेलका बाइकको शोरूम बुटवलमा



बुटवल । ट्रायम्फ ब्राण्डको बाइकको बिक्री बुटवलबाट सुरु भएको छ । ट्रायम्फ नेपालले शुक्रबार बुटवलको कालिकानगरमा आधिकारिक डिलर बश्याल अटोकर्पको शोरुम उद्घाटनसँगै बिक्री वितरण सुरु गरेको हो।

शोरुमको उद्घाटन बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरि अर्यालले गरेका हुन् । सो अवसरमा बोल्दै अध्यक्ष अर्यालले लुम्बिनी प्रदेशकै आर्थिक केन्द्र बुटवलबाट विश्वप्रसिद्ध मोटरसाइकल ब्रान्ड ट्रायम्फको डिलर सञ्चालनले मोटरसाइकल पारखीहरुलाई खरिद गर्न सहज हुने बताए।

ट्रायम्फ नेपालका म्यानेजर सागर थापाले स्क्र्याबलर ४०० एक्स र स्पीड ४०० गरी दुई मोडेलका बाइकहरु इञ्जिन, पिकअप र बीएचपीमा अन्य बाइकभन्दा बलिया, उत्कृष्ट इञ्जिनियरिङ र सुरक्षित भएको बताए।

६ गियरसहितको इञ्जिन,३७.५ न्यूटन मिटर टर्कसहित पिकअप क्षमता र ब्रेक हर्स पावर ३९ रहेकाले जस्तोसुकै सडकमा सहजरुपमा चलाउन सकिने थापाले जनाए । बाइकमा इमोबिलाइजर यन्त्र जडान भएकाले कसैले चोरेर लैजान नसक्ने थापाले बताए। स्क्र्याबलर ४०० एक्सको सिट हाइट ८३५ एमएम र स्पीड ४०० को सिट हाइट ७९० एमएम रहेको उनले जनाए। दुबै मोडेलका बाइकमा १३ लिटर पेट्रोल ट्यांकी रहेका छन् । स्क्र्याबलर ४०० एक्स चार रंगमा र स्पीड ४०० तीन रंगमा उपलब्ध रहेका छन्। शो रुम उद्घाटनको पहिलो दिनमै १५ वटा मोटरसाइकल बिक्री भई डेलिभरी भएसँगै स्थानीय ग्राहकको अत्यधिक उत्साह झल्किएको बश्याल अटोकोर्पका सञ्चालक आकर्षक बश्याललेे बताए।

पहिलो दिनमै बाइक राइडरहरूले ट्रायम्फ बाइकलाई अत्यधिक रुचाएर सकारात्मक प्रतिक्रिया दिएपछि आफूहरु उत्साहित भएको उनले जनाए।

शोरुममा दक्ष जनशक्तिसहित सेल्स, सर्भिस र स्पेयर पार्ट्सको सहज उपलब्धताले अन्तर्राष्ट्रियस्तरको सेवा सुविधा महसुस हुने उनले बताए । शोरुम उद्घाटनमा बश्याल अटो कर्पका अध्यक्ष गोपाल बस्याल, पत्रकार महासंघ रुपन्देहीका अध्यक्ष दिनेश पाण्डेले बोल्दै विश्व प्रसिद्ध ब्राण्डको शोरुम बुटवलमा सञ्चालनमा आउनुले यहाँको अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्ने औंल्याएका थिए । बेलायतबाट सुरु भएको ट्रायम्फ बाइक पछिल्लो समय भारतबाट उत्पादन र पश्चिम नवलपरासीको भूमहीमा एसेम्बल भइरहेको छ।

# लुम्बिनीकर्मी सुनार सम्मानित



गुल्मी । दैनिक लुम्बिनीका गुल्मी संवाददाता प्रेम सुनार तम्घासको महेन्द्र नमूना माविबाट सम्मानित भएका छन् ।

शुक्रबार विद्यालयले आयोजना गरेको अभिभावक भेला, मुखपत्र शैल सन्देशको विमोचन, पुरस्कार तथा अक्षय कोष छात्रवृत्ति वितरण कार्यक्रममा सुनार सम्मानित भएका हुन् ।

पत्रकारिताको माध्यमबाट जिल्लाको शैक्षिक विकासमा योगदान गरेको भन्दै सुनारलाई सम्मान गरिएको हो । यस्तै पत्रकारहरु जनार्दन घिमिरे, अनिल खत्री, सन्तोष महतरा र मनु सुनार पनि सम्मानित भएका छन् । सो अवसरमा उत्कृष्ट विद्यार्थी, शिक्षक शिक्षिका, उत्कृष्ट अभिभावकहरु पनि सम्मानित भएका छन् । उनीहरुलाई रेसुङ्गा नगरपालिकाका उप-मेयर अमृतादेवी कुँवर, विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष भुवनप्रसाद श्रेष्ठ, विद्यालय व्यवस्थापन समितिका कार्यवाहक अध्यक्ष रामप्रसाद पन्थी र प्रधानाध्यापक कृष्णप्रसाद मरासिनीले सम्मान गरेका थिए।

# शैक्षिक वक्तृत्वकला प्रतियोगिता

पाल्पा। प्रेस चौतारी नेपाल पाल्पा शाखाले २५औं शाखा स्थापना दिवस एवं रजत जयन्तीको अवसरमा गुणस्तरीय शिक्षामा सूचना प्रविधिको प्रयोग विषयक माध्यमिक विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता कार्यक्रम गरेको छ।

प्रतियोगितामा जनता माध्यमिक विद्यालय तानसेनकी छात्रा संयुक्ता थापा प्रथम भएकी छन् भने भैरव नवदिप माध्यमिक विद्यालय छहराकी छात्रा राशी पोखरेल द्वितीय र न्यू होराइजन बोर्डिङ्ग स्कुल तानसेनकी छात्रा रिया बस्याल तृतीय भएकी छन्।

प्रतियोगितामा प्रथम भएकी थापाले नगद ५ हजार, द्वितीय भएकी पोखरेलले नगद ३ हजार र तृतिय भएकी बस्यालले नगद २ हजारसहित प्रमाणपत्र पुरस्कार पाएका छन् । प्रतियोगितामा विजयी तथा सहभागीहरुलाई प्रेस चौतारी नेपाल पाल्पाका संस्थापक अध्यक्ष केशवराज नेपाल, केन्द्रिय सदस्य मिलन विश्वकर्मा, जिल्ला अध्यक्ष कृष्ण कार्की, निर्णायक मण्डलका संयोजक डा. शंकरप्रसाद गैरे, सदस्य सन्तोष खनाललगायतले पुरस्कार प्रदान गरेका थिए।

कार्यक्रममा प्रमुख अतिथि एवं प्रेस चौतारीका संस्थापक अध्यक्ष केशवराज नेपालले प्रेस चौतारी पाल्पाले सधैँ रचनात्मक कार्यक्रम गर्दै आएको बताए । स्थापना दिवसका अवसरमा कहिले विद्यार्थीहरुलाई पाठ्य सामग्रीहरु त कहिले पर्यटन प्रवर्धन गर्न रानीमहलमा बैठक, कहिले शिक्षासँग सम्कन्धित रहेर कार्यक्रम गर्दै आएको उनले जनाए।

कार्यक्रममा केन्द्रीय सदस्य मिलन विकले चौतारीले सधैँ रचनात्मक कामहरु गर्दै आएको र रजतजयन्तीको अवसरमा अहिलेको जल्दो बल्दो विषयमा कार्यक्रम गरेर विद्यालय, शिक्षक र विद्यार्थी तथा सरोकार निकायमा जागरण ल्याउने गरी बहस सञ्चालन गरेको बताए। प्रदेश सचिव कृष्ण पोखरेलले चौतारीले पत्रकारिताभन्दा फरक विधामा विद्यार्थीहरुको सिर्जनसिलता बाहिर ल्याउन, उनीहरुलाई एक अर्काबिच प्रतिस्पर्धी बनाउन, विषयबस्तुमाथि खोज तथा अनुसन्धानमा दक्ष बनाउनको लागि रजतजयन्तीको अवसरमा वक्तृत्वकला प्रतियोगिता गरेको बताए।



प्रतियोगिताका निर्णायक मण्डकका संयोजक डा. शंकरप्रसाद गैरेले प्रेस चौतारी पाल्पाले गरेको वक्तृत्वकला समय सान्दर्भिक शीर्षक छनोट उत्कृष्ट रहेको जनाए । वक्तृत्वकलामा सहभागी विद्यार्थीहरुको राम्रा पक्ष तथा आगामी दिनमा सुधार गर्नुपर्ने कुराहरुको बारेमा डा. गैरेले जानकारी गराएका थिए।

प्रतियोगितामा सहभागीहरुले कहिल्यै पनि नहार्ने भएकोले जो विजयी हुन सक्दैन, उसले सिकेर अर्को पटक विजयी हुने डा. गैरेले बताए।

कार्यक्रममा प्रेस चौतारी पाल्पाका जिल्ला अध्यक्ष कृष्ण कार्कीले शाखाको रजतजयन्ती फरक किसिमको कार्यक्रम गरेर मनाउन माध्यमिक विद्यालयस्तरीय वक्तृत्वकला प्रतियोगिता गरेको बताए।

शिक्षक विद्यार्थी, अविभावकहरुबिच सम्बन्ध विस्तार गर्न, उनीहरुका गतिविधिहरु पनि चौतारीमार्फत् सार्वजनिक गर्न, विद्यालय तथा विद्यार्थीहरुको क्षमता अभिवृद्धि गर्न वक्तृत्वकला प्रतियोगिता गरेको अध्यक्ष कार्कीले बताए।

कार्यक्रममा प्रेस चौतारीका कार्यसमिति सदस्य एवं प्रतियोगिताका संयोजक खुमबहादुर पौडेले कार्यक्रमको बारेमा चर्चा गरेका थिए । शाखा अध्यक्ष कृष्ण कार्कीको अध्यक्षता, सचिव दयाराज न्यौपानेको सञ्चालनमा कार्यक्रम भएको थियो।

# माण्डवीमा विपद् अभ्यासको डेमो प्रदर्शन




**राधिका भुसाल**
*प्यूठान*

'ऐया मरे... बचाउ बचाउ, मत मरे बचाउ बचाउ' भन्दै कोही कराई रहेका थिए भने कोही घाइतेलाई स्टेचरमा राखेर सुरक्षित स्थानतर्फ लग्दै थिए।

व्यक्तिगत सुरक्षा तयारीका साथ खटिएका स्वयम्सेवकहरु घाइतेहरुलाई ओसार्न र प्राथमिक उपचार गर्न व्यस्त देखिन्थ्ये। झट्ट हेर्दा माण्डवी गाउँपालिका वडा नं. ५ स्थित माण्डवी नदीमा ठुलै विपद् आइपरेजस्तो देखिन्थ्यो । तर, त्यहाँ वास्तविक कुनै विपद् नभई पहल कार्यक्रमको आपतकालिन पूर्वतयारी तथा प्रतिकार्य कार्यक्रमअन्तर्गत विपद् प्रतिकार्यसम्बन्धी कृत्रिम अभ्यास गराइएको थियो।

नेपाली सेनाको वर्दबहादुर गण प्यूठान खलङ्गाले माण्डवी गाउँपालिकाको माण्डवी नदीमा विपद् अभ्यासको डेमो प्रदर्शन गरेको छ । अभ्यासमा बाढी, पहिरो, डुबान र आगलागीबाट प्रभावितहरूको स्थिति हेरी नागरिकको उद्दार घाइतेहरूलाई प्राथमिक उपचारका लागि सुरक्षित स्थानमा राख्ने, अशक्त भएकालाई प्राथमिक उपचार सँगै चाँडो सुविधा सम्पन्न अस्पतालमा लानेलगायतका डेमो प्रदर्शन गरिएको थियो।

प्रदर्शनी कार्यक्रममा कृत्रिम घटना अभ्यासका लागि, लाइफ ज्याकेट, फायर किट, ऱ्याकर, झटपट झोला, क्याराबिना, मेडिकल सामग्री, रिस्क्यु रोप, थ्रु ब्याग, विभिन्न औजार तथा उपकरणसहित बन्दोबस्तीका सामग्रीहरु नेपाली सेनाले प्रयोग गरेको थियो।

समाजमा हुने हरेक प्रकारका विपत्तिमा नेपाली सेना, नेपाल प्रहरी, सरकार, नागरिक र विपद् प्रतिकार्य तालिम प्राप्त नागरिकको सहकार्य हुनुपर्ने उल्लेख गरेका थिए।

मानवीय क्षति कम गर्न उद्धारको कार्यमा सक्रिय हुन, घाइतेको स्वास्थ्य उपचार, जोखिममा परेका मानिसको सुरक्षित स्थानमा स्थानान्तरण, अति आवश्यक सुविधाको व्यवस्थापन र स्वास्थ्य प्रकोप हुन नदिने विषयमा नेपाली सेनाले कृत्रिम घटनाको अभ्यास प्रदर्शन गरेको हो।

बाढी पहिरो, आगजनीलगायतका प्रकोपको कृत्रिम घटना बनाएर खोज, उद्दार, प्राथमिक उपचार र आपतकालिन स्वास्थ्यसम्बन्धी स्थानीय विपद् व्यवस्थापन समितिलाई अभ्यास गराइएकको नेपाली सेनाका वर्दबहादुर गण खलङ्गाका सेनानी महेश बाबु कार्कीले बताएका थिए। खोज तथा उद्दार, प्राथमिक उपचार, र आपतकालिन स्वास्थ्यसम्बन्धी ज्ञान प्रदान गर्नका लागि कृत्रिम पूर्व अभ्यास गराइएको सेनानी कार्कीको भनाइ छ।

माडीखोलाको बगरमा विपद् व्यवस्थापन समिति प्यूठानको नेतृत्व तथा वर्दबहादुर गण खलंगा, जिल्ला प्रहरी कार्यालय प्यूठान, सशस्त्र प्रहरी बल नेपाल आश्रित गुल्म प्यूठान र नेपाल रेडक्रस सोसाइटी जिल्ला समितिको सहकार्यमा "मनसुनजन्य विपद् प्रतिकार्य" सम्बन्धी अभ्यास (Simulation Exercise) तीन वटै सुरक्षा निकायका सुरक्षाकर्मी र नेपाल रेडक्रस सोसाईटीका स्वयंसेवकको सहभागितामा सञ्चालन गरिएको थियो।

अभ्यास कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख धरमबहादुर जि.सी.को प्रमुख आथित्यता र प्रमुख जिल्ला अधिकारी दिपकराज नेपालको अध्यक्षता तथा वर्दबहादुर गणका गणपती प्रमुख सेनानी महेश बाबु कार्की, जिल्ला प्रहरी कार्यालयका प्यूठानका प्रमुख प्रहरी नायव उपरीक्षक दिपेश बस्याल, सशस्त्र प्रहरी बल नेपालका सशस्त्र प्रहरी नायव उपरीक्षक रोहितबहादुर घिमिरे, जिल्लास्थित सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधि, सुरक्षाकर्मी, पत्रकार, नागरिक समाज, विद्यार्थीहरुलगायतको उपस्थिति रहेको थियो।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com